# आकाशवाणी समाचार- नेपाली

मितिः ०२ दिसम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

१. प्रधानमन्त्री नरेन्द्र मोदीले डिजिटल जालसाजी, साइबर अपराध र आर्टिफिसियल इन्टेलिजेन्स जस्ता खतराबाट उत्पन्न चुनौतीहरूलाई अवसरमा परिणत गर्न पुलिसलाई आह्वान गर्नु भएको छ।

२. भारतले प्लास्टिक प्रदूषणलाई रोक्न अनि विकासशील अर्थतन्त्रको विकासमा बाधा पुर्‍याउने कारकहरूमध्ये महत्त्वपूर्ण सन्तुलन कायम गर्न आह्वान गरेको छ।

३. मरूस्थलीकरणलाई रोक्नका लागि साउदी अरेबियाको रियादमा आजदेखि संयुक्त राष्ट्र संधिमा सहभागी देशहरूको १६औं सम्मेलन सुरु हुँदैछ।

४. ओमानको मस्कटमा जारी जुनियर एसिया कप हक्कीमा भारतले दक्षिण कोरियालाई ८–१ गोल अन्तरले पराजित गरेको छ।

## राष्ट्रपति पुरस्कार

राष्ट्रपति द्रौपदी मुर्मुले दिव्यांग भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवसमा भोलि अपाङ्गता भएका व्यक्तिहरूलाई राष्ट्रिय सशक्तिकरण पुरस्कार प्रदान गर्ने कार्यक्रम छ। कुल २२ व्यक्ति र ११ संस्थालाई राष्ट्रिय पुरस्कारबाट सम्मानित गरिने भएको छ। सो अवसरमा सामाजिक न्याय तथा अधिकारिता मन्त्री डा. वीरेन्द्र कुमारले दिव्यांग व्यक्तिहरुको सशक्तीकरणका लागि विभिन्न कल्याणकारी योजनाहरूको शुभारम्भ गर्नुहुनेछ।यस वर्ष अमर जैनले दिव्यांग सर्वोत्कृष्ट वर्गमा व्यक्तिगत उत्कृष्टताको लागि राष्ट्रिय पुरस्कार प्राप्त गर्नेछन्। तिनीहरूले 100% दृष्टिविहीन व्यक्तिहरूलाई कानुनी सल्लाह प्रदान गर्छन्। आफ्नो प्रेरणादायी जीवन कथा साझा गर्दै अमर जैनले आफूले सामना गर्नुपरेका अवरोधहरू उल्लेख गर्नुभयो।७५ प्रतिशत गतिशील दिव्यांग भएका प्रतीक खण्डेलवाललाई उत्कृष्ट दिव्यांग व्यक्ति विधामा व्यक्तिगत उत्कृष्टताका लागि सम्मान गरिने छ। श्री खंडेलवाल र्याम्प माई सिटीका संस्थापक हुन्। उनले आफ्नो स्टार्टअप उद्यमले अपाङ्गता भएका व्यक्तिहरूका लागि सहरी वातावरणलाई थप पहुँचयोग्य बनाउन कसरी मद्दत गरिरहेको बताए।

****** ० ******

## प्रधानमन्त्री–पुलिस सम्मेलन

प्रधानमन्त्री नरेन्द्र मोदीले डिजिटल जालसाजी, साइबर अपराध र आर्टिफिसियल इन्टेलिजेन्स जस्ता खतराबाट उत्पन्न चुनौतीहरूलाई अवसरमा परिणत गर्न पुलिसलाई आह्वान गर्नु भएको छ। उहाँले पुलिसलाई आर्टिफिसियल इन्टेलिजेन्स र 'आकांक्षी भारत' मा देशको बल प्रयोग गर्न आग्रह गर्नु भयो। श्री मोदीले हिज भुवनेश्वर, ओडिशामा पुलिस महानिदेशक र महानिरीक्षकहरूको अखिल भारतीय सम्मेलनको समापन दिनमा सहभागी बन्दै यस्तो मन्तव्य दिनु भएको हो। तीनदिने सम्मेलनमा सुरक्षा चुनौतीका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आयामका विषयमा व्यापक छलफल भएको प्रधानमन्त्रीले बताउनु भयो। श्री मोदीले पुलिसलाई रणनीतिक, सतर्क, अनुकूलनीय, भरपर्दो र पारदर्शी भएर स्मार्ट पुलिसको मन्त्र अपनाउन आह्वान गर्नु भयो। उहाँले शहरी पुलिसमा भएको पहलको प्रशंसा गर्दै प्रत्येक पहललाई देशका सय सहरमा पूर्णरुपमा लागू गर्नुपर्ने सुझाव दिनु भयो। श्री मोदीले पुलिस बलको कामको बोझ कम गर्न प्रविधिको प्रयोग गर्न आह्वान गर्नु भयो। उहाँले पुलिसलाई आफ्नो दृष्टिकोणलाई आधुनिकीकरण गर्न र विकसित भारतको दृष्टिकोणसँग तालमेल गर्न आग्रह गर्नु भयो।समापन सत्रमा प्रधानमन्त्रीले गुप्तचर ब्यूरोका अधिकृतहरुलाई विशिष्ट सेवाका लागि राष्ट्रपति पुलिस पदकद्वारा सम्मान गर्नु भयो। तीन दिने सम्मेलनमा आतंकवाद, वामपन्थी अतिवाद, साइबर अपराध, आर्थिक सुरक्षा, अध्यागमन तटीय सुरक्षा र लागुऔषध ओसारपसार जस्ता विषयमा छलफल भएको थियो।

****** ० ******

**UPI-अक्टोबर**

यस वर्षको अक्टोबरमा युनिफाइड पेमेन्ट इन्टरफेस-यूपीआई मार्फत १६ अर्ब ५८ करोडको वित्तीय कारोबार भएको थियो। केवल एक महिनामा, UPI मार्फत यस लेनदेनमा लगभग 23 लाख 49 हजार करोड रुपैयाँ भुक्तान गरिएको थियो। यो गत वर्षको अक्टोबरको तुलनामा ४५ प्रतिशतले बढी हो। हाम्रो संवाददाताको एक रिपोर्ट-

****** ० ******

**महाकुम्भ**

उत्तर प्रदेश सरकारले प्रयागराजको महाकुम्भ क्षेत्रलाई नयाँ जिल्लाको रूपमा घोषणा गरेको छ। नवगठित जिल्लालाई महाकुम्भ मेला भनिनेछ। आगामी कुम्भ मेलाको व्यवस्थापन र प्रशासनलाई सुव्यवस्थित बनाउन यो निर्णय गरिएको हो। माघ मेला २०२४ मा प्रधानमन्त्री नरेन्द्र मोदी र मुख्यमन्त्री योगी आदित्यनाथले यस निर्णयको पछाडिको उद्देश्य व्यक्त गर्नु भएको थियो। हरेक 12 वर्षमा एक पटक आयोजना हुने आगामी महाकुम्भ 13 जनवरी बाट सुरु भई फेब्रुअरी 26, 2025 मा प्रयागराजमा समापन हुनेछ। महाकुम्भ भारतीय संस्कृतिको प्रवद्र्धनमा कोसेढुङ्गा साबित हुने अपेक्षा गरिएको छ।

****** ० ******

**भारत-प्लास्टिक**

भारतले प्लास्टिक प्रदूषणलाई रोक्न अनि विकासशील अर्थतन्त्रको विकासमा बाधा पुर्‍याउने कारकहरूमध्ये महत्त्वपूर्ण सन्तुलन कायम गर्न आह्वान गरेको छ। दक्षिण कोरियाको बुसानमा सम्पन्न अन्तर-सरकारी वार्ता समितिको पाँचौं पूर्ण बैठकमा भारतले प्लास्टिक प्रदूषणको चुनौतीलाई सम्बोधन गर्ने गम्भीरताको विषय फेरि उठाएको छ। भारतले भनेको छ, यो एक कठिन कार्य हो, जसलाई समाधान गर्न आपसी विश्वास र एकअर्काको परिस्थितिको समझ आवश्यक छ। सदस्य राष्ट्रहरूको विकास अधिकार प्रभावित भएकाले प्राथमिक प्लास्टिक पोलिमर उत्पादनलाई नियमन गर्ने कुनै पनि उपायलाई समर्थन गर्न भारतले स्पष्ट रूपमा असमर्थता व्यक्त गरेको छ। यसले विकासशील देशहरूलाई उनीहरूको अनुपालन दायित्वहरूको बढ्दो लागतहरू पूरा गर्न मद्दत गर्न एक समर्पित बहुपक्षीय कोषको आवश्यकतामा जोड दियो।

****** ० ******

**प्लास्टिक प्रदूषण वार्ता-**

दक्षिण कोरियाको बुसानमा प्लाष्टिक प्रदूषण नियन्त्रण गर्ने अन्तर्राष्ट्रिय सन्धिमा सहमति जुटाउन आयोजित विश्व सम्मेलन हिज बिना सहमति टुंगिएको छ। सहमतिका लागि दुई वर्षदेखि वार्ता हुँदै आएको छ। वार्ताको अन्तिम चरणको लागि दक्षिण कोरियामा २०० भन्दा बढी देशका प्रतिनिधिहरू भेला भएका थिए। तर प्लाष्टिकलाई चरणबद्ध रूपमा हटाउन आह्वान गर्ने करिब सय उच्च महत्वाकांक्षी देशहरूको समूहमा गहिरो विभाजन कायमै छ भने तेल उत्पादक राष्ट्रहरूले यसले विश्वव्यापी वृद्धिमा असर पर्ने चेतावनी दिएका छन्। वार्ताको अन्तिम चरणमा, कुवेती वार्ताकारहरूले सन्धिको उद्देश्य प्लास्टिक प्रदूषण अन्त्य गर्नु हो, प्लास्टिक होइन। प्लाष्टिकबाट विश्वभरका मानिस लाभान्वित भएको उनले बताए।

****** ० ******

**UNCCD-COP 16**

मरूस्थलीकरणलाई रोक्नका लागि साउदी अरेबियाको रियादमा आजदेखि संयुक्त राष्ट्र संधिमा सहभागी देशहरूको १६औँ सम्मेलन सुरु हुँदैछ। पहिलो पटक पश्चिम एसियाले यो महत्वपूर्ण वातावरणीय सम्मेलन आयोजना गर्दैछ। यो सन्धिको ३०औँ वार्षिकोत्सवमा आयोजना हुने सम्मेलनमा भारत सहभागी हुनेछ। हाम्रो संवाददाताबाट विवरण-

byte

१३ डिसेम्बरसम्म चल्ने यो सम्मेलनले सरकार, व्यवसाय र नागरिक समाजलाई दिगो भूमि व्यवस्थापनमा सहकार्य र समन्वय गर्न विश्वव्यापी मञ्च प्रदान गर्नेछ। जलवायु परिवर्तनसँग लड्न भारतको प्रयासले सम्पूर्ण विश्वका लागि सम्भावित मोडेलको रूपमा काम गर्न सक्छ।सम्मेलनको पहिलो दिनको भारतको सम्बोधनले भू-क्षयको चुनौती र विश्वव्यापी पर्यावरणीय नेतृत्वमा यसको बढ्दो भूमिकालाई सम्बोधन गर्न भारतको प्रतिबद्धतालाई उजागर गर्नेछ। यस गम्भीर विषयमा छलफलमा वनविज्ञ, सम्बन्धित मन्त्री र संरक्षण विज्ञ सहभागी हुनेछन्।

****** ० ******

**मणिपुर इन्टरनेट**

मणिपुरमा, राज्य सरकारले सात उपत्यका जिल्ला र दुई पहाडी जिल्लाहरू सहित नौ जिल्लाहरूमा इन्टरनेट र डाटा सेवाहरू निलम्बन गरेर प्रतिबन्ध बढाएको छ। प्रदेश गृह आयुक्तको आदेशमा प्रदेशको शान्ति सुरक्षाको अवस्था अनुकूल नभएकाले यही महिनाको ३ तारिख साँझ ५:१५ बजेसम्म इन्टरनेट सेवा बन्द रहने उल्लेख छ। प्रदेश सरकारले गत २३ नवम्बरमा मोबाइल इन्टरनेट र डाटा सेवामा अस्थायी प्रतिबन्ध लगाएको थियो।

****** ० ******

**पंजाब-एमएसपी**

रेलवे र खाद्य प्रशोधन उद्योग राज्यमन्त्री रवनीत सिंह बिट्टुले कांग्रेस अध्यक्ष र कांग्रेस सांसदहरूलाई पञ्जाबका किसानहरूलाई न्यूनतम समर्थन मूल्य उपलब्ध नभएकोमा सीबीआई जाँचको माग गर्न आग्रह गरेका छन्। श्री बिट्टु हिजो क्यान्टोनमेन्ट रेलवे स्टेशनको पुनर्विकास कार्यको निरीक्षण गर्न जालन्धर पुग्नु भएको थियो। मिडियासँग कुरा गर्दै उहाँले भन्नुभयो केन्द्र सरकारले न्यूनतम समर्थन मूल्यका रूपमा पंजाबलाई ४४ हजार करोड रुपैयाँ पठाएको छ। उहाले कांग्रेसलाई प्रधानमन्त्री र पञ्जाबका गभर्नरसँग यस विषयमा सीबीआई जाँचको माग गर्न आग्रह गर्नु भयो।

बाइट

विश्वस्तरीय सुविधासहितको क्यान्टोन्मेन्ट रेलवे स्टेशनको अत्याधुनिक भवन आगामी अप्रैल भित्र उद्घाटन गरिने श्री बिट्टुले बताउनु भयो। उहाँले भन्नुभयो अमृत भारत स्टेशन परियोजना अन्तर्गत, पञ्जाबमा 12 रेलवे स्टेशनहरू 270 करोडको लागतमा नवीकरण भइरहेको छ।उहाँले अझ भन्नुभयो, फिरोजपुर डिभिजनमा पञ्जाब र जम्मू कश्मीरका धैरै स्टेशनहरूको 1,513 किलोमिटरको दायरामा एन्टी-कोलिसन सिस्टम-कवच जडान गर्ने प्रस्तावमा कारबाही सुरु गरिएको छ।

****** ० ******

**हक्की-जुनियर एसिया कप**

ओमानको मस्कटमा जारी जुनियर एसिया कप हक्की अन्तर्गत समूह 'ए' अन्तर्गत गएराति भएको खेलमा भारतले दक्षिण कोरियालाई ८–१ गोल अन्तरले पराजित गरेको छ। भारतका लागि अर्शदीप सिंहले ह्याट्रिक गरे भने अरिजित सिंह हुण्डलले २ गोल गरे। गुर्जोत सिंह, रोशन कुजुर र रोहितले एक एक गोल गरे। दक्षिण कोरियाका लागि ताह्योन किमले एक मात्र गोल गरे। यो जितसँगै भारत सेमिफाइनलमा पुगेको छ, भोलि भारतले मलेसियासँग खेल्नेछ। खेल भारतीय समय अनुसार राति ८:३० बजे हुनेछ।

****** ० ******